बैठक संख्या -१

# मिति २०८२ साल श्रावण ७ गते बसेको नगर कार्यपालिकाको निर्णयहरु

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्वन्धमा | आ.व. २०८१/८२ मा भएका निर्णहरुको समिक्षा गरियो । सबै निर्णयहरु कार्यान्वायन भएको पाईयो । |
| २ | आय ठेक्का व्यवस्थापन सम्वन्धमा । | लेटाङ नगरपालिकाको आय सम्वन्धी ठेक्का व्यवस्थापनका लागि प्रकाशित सूचना बमोजिम कुनै पनि प्रस्ताव पेश नभएको हुदा पुन ठेक्का सूचना प्रकाशन गर्न र ठेक्का व्यवस्थापन नहुन्जेलसम्मका लागि नगरपालिकाले अमानत बिधि (कर्मचारी/ब्यवसायी मार्फत) आय संकलन गर्ने ब्यवस्था मिलाउने तथा आय संकलनमा खटिने कर्मचारी/ब्यवसायीलाई आयको १०.. प्रतिशत प्रोत्साहन खर्च उपलब्ध गराउने । |
| ३ | लेटाङ नगरपालिकाको २/ङ को दोहोरो नक्सा व्यवस्थापनका लागि अनुरोध गर्ने सम्वन्धमा । | लेटाङ नगरपालिकाको २।ङ को जग्गाहरुमा कित्ता नं. हरु दोहोरो परेका कारण भएको समस्याका सम्वन्धमा प्राप्त गुनासो बमोजिम भूमि सम्वन्धि समस्या समाधान आयोग, जिल्ला समिति मोरङलाई २।ङ अन्तरगतको दोहोरो कित्ता नं. परेको विषयको दिर्घकालिन समाधानका लागि अनुरोध गर्ने । |
| ४ | सम्झौता अनुमोदन सम्वन्धमा । | वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र लेटाङ नगरपालिकाबीच हरित ग्यास उत्सर्जन न्युनिकरणका लागि खाना पकाउने आधुनिक दक्ष तथा जलवायुमैत्री स्वच्छ उर्जाको प्रवर्धन अन्तरगत स्वच्छ चुलो कार्यक्रम सम्वन्धी मिति २०८२/०४/०५ गते भएको सम्झौता अनुमोदन गर्ने । |
| ५ | कार्य सम्पादन सम्झौता अनुमोदन गर्ने । | लेटाङ नगरपालिका अन्तरगत नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा/उपशाखा प्रमखुबीच मिति २०८२/०४/०२ गते भएको र मिति २०८२/०४/०७ गतेका दिन योजना शाखा प्रमुख तथा वडा सचिवबीच भएको आ.व. २०८२/८३ को लागि भएको कार्य सम्पादन सम्झौता अनुमोदन गर्ने । |
| ६ | बार्षिक खरिद योजना तथा कार्ययोजना/कार्य तालिका निर्माण सम्वन्धमा । | लेटाङ नगरपालिका अन्तरगत आ.व. २०८२/८३ को वजेट कार्यक्रम तथा अख्तियारी प्राप्त भएका शाखा/उपशाखा/वडाहरुले आ.व. २०८२/८३ को बार्षिक खरिद योजना/वार्षिक कार्ययोजना/वार्षिक कार्यतालिका निर्माण गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने । |

नि. प्रमुख प्रशासकीय अधिकृ

भुपेन्द्र कुमार लाम्ती
नगर प्रमुख